# पूर्वाञ्चल विश्वविद्यालयबाट
# चिकित्साशास्त्र संकाय अन्तर्गत
# सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थामा
# कार्यरत शिक्षकहरूको पद प्रमाणीकरणको
# आधार र सिफारिश सम्बन्धी कार्यप्रणाली २०७८

## पूर्वाञ्चल विश्वविद्यालय
## गोठगाउँ, मोरङ

पूर्वाञ्चल विश्वविद्यालयबाट चिकित्साशास्त्र संकाय अन्तर्गत सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थामा कार्यरत शिक्षकहरूको पद प्रमाणीकरण गर्न पूर्वाञ्चल विश्वविद्यालय प्राज्ञिक परिषदको निर्णयको आधारमा कार्यकारी परिषदद्वारा यो पद प्रमाणीकरणको आधार र सिफारिश सम्बन्धी कार्यप्रणाली २०७८ जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यप्रणालीको नाम "पद प्रमाणीकरणको आधार एवम् सिफारिश सम्बन्धी कार्यप्रणाली २०७८" रहनेछ ।

(ख) यो कार्यप्रणाली वि.सं. २०७८ सालदेखि लागू हुनेछ ।

(ग) यो कार्यप्रणाली विश्वविद्यालयमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चिकित्साशास्त्र संकायको समन्वयमा पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगबाट कार्यान्वयन हुनेछ ।

**१.२ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यप्रणालीमा

(क) "विश्वविद्यालय" भन्नाले पूर्वाञ्चल विश्वविद्यालय सम्झनु पर्छ ।

(ख) "सेवा आयोग" भन्नाले पूर्वाञ्चल विश्वविद्यालय ऐन २०५० को दफा १९ बमोजिम गठित सेवा आयोगलाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० लाई सम्झनु पर्छ ।

(घ) "नियम" भन्नाले पूर्वाञ्चल विश्वविद्यालयका प्रचलित नियमहरूलाई सम्झनु पर्छ ।

(ङ) "प्रतियोगिता" भन्नाले पद प्रमाणीकरण सम्बन्धि प्रतियोगितालाई सम्झनु पर्छ ।

(च) "अध्यक्ष" भन्नाले सेवा आयोगको अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले सेवा आयोगका सदस्य सम्झनु पर्छ ।

(ज) "पद" भन्नाले सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्था अन्तर्गतको शैक्षिक पदहरू लाई सम्झनु पर्छ ।

(झ) "सफल उम्मेद्वार" भन्नाले सिफारिशको आधार बमोजिम विभिन्न विषयगत र तहगत पदमा जुन जुन आधारमा उत्तीर्णाङ्क तोकिएको छ, कम्तिमा सो अङ्क प्राप्त गरेको उम्मेदवारलाई सम्झनु पर्छ ।

(ञ) "अनुसूची" भन्नाले यो कार्यप्रणालीको अनुसूचीलाई सम्झनु पर्छ ।

(ट) "शिक्षक" भन्नाले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस/कलेज/ संस्थाको शिक्षण तथा अनुसन्धान कार्यमा संलग्न शिक्षकलाई सम्झनु पर्छ ।

(ठ) "परीक्षा" भन्नाले पद प्रमाणीकरणका लागि लिइने प्रतियोगितात्मक लिखित/ मौखिक/प्रयोगात्मक परीक्षा सम्झनु पर्छ ।

(ड) "डीन" भन्नाले पूर्वाञ्चल विश्वविद्यालयको चिकित्साशास्त्र संकायको डीनलाई सम्झनु पर्छ ।

(ढ) "संकाय" भन्नाले पूर्वाञ्चल विश्वविद्यालयको चिकित्साशास्त्र संकाय सम्झनु पर्छ ।

## परिच्छेद २
## आवेदन सम्बन्धी व्यवस्था

**२.१ पद र पद संख्याः** पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतको चिकित्साशास्त्र संकायबाट क्याम्पस/कलेज/संस्था उल्लेख गरी पद प्रमाणीकरणका लागि तोकी पठाएको पद र पद संख्याको आधारमा सेवा आयोगले सामान्यतया तीन महिनाभित्र पद प्रमाणीकरण प्रयियोगिताको आधारमा पद प्रमाणीकरणको सिफारिश सम्बन्धि काम, कारबाही सम्पन्न गरिसक्नेछ ।

## २.२ विज्ञापन र आवेदनः

(क) दफा २.१ बमोजिम सिफारिश प्राप्त भएपछि सेवा आयोगले पद प्रमाणीकरणका लागि विज्ञापन गर्दा पदको नाम, संख्या, सेवा समूह, योग्यता, प्रतियोगिताको किसिम, मिति,

प्रतियोगिता हुने स्थान, दरखास्त दस्तुर, दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति आदि उल्लेख गरी राष्ट्रियस्तरको दैनिक पत्रिका वा सम्बन्धित निकायको वेबसाइट मार्फत् सूचना प्रकाशित गर्नु पर्नेछ ।

(ख) सूचना बमोजिम पद प्रमाणीकरणको लागि आवेदन दर्ता गर्ने अवधि सूचना प्रकाशित भएको मितिले न्युनतम् ७ दिन र अधिकतम् ३० दिनसम्मको हुनेछ । आवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो विदा पछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

(ग) आवेदकले आवेदन फाराममा तोकिएको विवरण भरी दस्तुर सहित सूचनामा तोकिएको समय अवधिभित्र सूचना प्रकाशित गर्ने कार्यालयमा आवेदन फाराम दर्ता गराई सक्नुपर्नेछ ।

(घ) तोकिएको अवधिभित्र दर्ता नभएको एवम् सूचनामा उल्लेख गरे बमोजिमका विवरण संलग्न नभएको आवेदन फाराममा कुनै कारवाही गरिने छैन ।

(ङ) पद प्रमाणीकरण प्रतियोगिताका लागि योग्य आवेदकहरूको नामावली प्रतियोगिता हुनुभन्दा सामान्यतया ७ दिन अगावै प्रकाशित गरिनेछ ।

(च) प्रतियोगीले पद प्रमाणीकरणका लागि पेश गरेको कागजातहरू फिर्ता हुने छैनन् । तर अनुसन्धानात्मक लेख एवम् कृतिहरू भने नतिजा प्रकाशनपछि फिर्ता गर्न सकिनेछ । त्यस्ता कृतिहरू नतिजा प्रकाशन भएको एक महिनाभित्र फिर्ता लगिसक्नु पर्नेछ ।

(छ) यस कार्यप्रणाली कार्यान्वयनका लागि आवश्यक पर्ने आवेदन फाराम, मूल्याङ्कन फाराम तथा अन्य फारामहरू प्रतियोगिता गराउने निकायले निर्धारण गरी कार्यान्वयन गर्नेछ ।

## २.३ आवेदन फाराम दस्तुर र परीक्षा शुल्कः

(क) पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगबाट पद प्रमाणीकरणका लागि सञ्चालन हुने प्रतियोगिताको प्रति व्यक्ति आवेदन फाराम दस्तुर रू. १,०००।०० (एक हजार) हुनेछ ।

(ख) पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगबाट पद प्रमाणीकरणका लागि सञ्चालन हुने प्रतियोगिताको प्रति व्यक्ति परीक्षा शुल्क देहाय बमोजिम हुनेछः

(१) प्राध्यापक पदको रू. २०,०००।०० (बीस हजार)

(२) सह–प्राध्यापक पदको रू. १५,०००।०० (पन्ध्र हजार)

(३) उप–प्राध्यापक पदको रू. १०,०००।०० (दश हजार)

(ग) पद प्रमाणीकरण प्रतियोगिताका लागि योग्य आवेदकहरूको नामावली प्रकाशित भएपछि उम्मेदवारहरूले सेवा आयोगले तोकेको बैंक खातामा तोकिएको पद अनुसारको परीक्षा शुल्क जम्मा गरी प्रतियोगिता हुनु अगावै सक्कल बैंक भौचर सेवा आयोगमा बुझाउनु पर्नेछ ।

## २.४ आवेदन फाराम साथ पेश गर्नु पर्ने कागजातहरू:

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि (विदेशी नागरिकको हकमा नेपालस्थित सम्बन्धित निकाय/परिषद्बाट स्वीकृति प्राप्त पत्र संलग्न गर्नु पर्नेछ) ।

(ख) सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरूको प्रतिलिपि (एस.एल.सी.देखि माथिका सम्पूर्ण लब्धाङ्क-पत्र, चारित्रिक प्रमाण पत्र, मूल प्रमाण पत्र आदि)

(ग) विदेशी विश्वविद्यालय वा बोर्डबाट अध्ययन सम्पन्न गरेका आवेदकले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्रहरू नेपाल सरकारले तोकेको निकायबाट समकक्षता प्रमाणित गरी आवेदन फाराम साथ पेश गर्नु पर्नेछ ।

(घ) सम्बन्धित क्याम्पस/कलेज/संस्थाको प्रिन्सिपल/क्याम्पस प्रमुखको स्वीकृति-पत्र ।

(ङ) मिति स्पष्ट खुलेको र प्रमाणित भएको पत्र सहित सम्बन्धित क्याम्पस/कलेज/ संस्थाको सम्बन्धित शैक्षिक पदमा नियुक्ति भई कार्य गरेको अनुभवको प्रमाणपत्रहरू ।

(च) सम्बन्धित काउन्सिलको प्रमाण-पत्र (दर्ता आवश्यक पर्ने भएमा मात्र) ।

(छ) वैयक्तिक विवरण (बायोडाटा) ।

(ज) अनुसन्धानात्मक प्रकाशित कृतिहरूको विवरण ।

(झ) स्थायी लेखा नम्बर उल्लेख भएको कार्डको प्रतिलिपि ।

(ञ) कार्यरत रहेको अवधिको तलबको बैंक स्टेटमेन्ट (उपलब्ध भएसम्म) ।

(ट) सम्बन्धित क्याम्पस/कलेज/संस्था बाहेक अन्य कुनै निकायमा पूर्णकालीन रूपमा काम गरिरहेको छैन भनी स्वघोषित कबुलियतनामा ।

(ठ) पद प्रमाणीकरण न्यूनतम तीन वर्ष कार्य गरेका पूर्णकालीन शिक्षकहरूको लागि मात्र लागू हुनेछ ।

(ड) यस कार्यप्रणाली अन्तर्गत भए, गरेका कार्यहरूमा चिकित्सा शिक्षा आयोग लगायत नेपाल सरकारका अन्य शैक्षिक निकाय, आयोग, बोर्ड, परिषद् आदिको शर्तहरू समेत लागू हुनेछ ।

## २.५ न्यूनतम शैक्षिक योग्यता र अनुभव:

(क) पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट न्यूनतम् द्वितीय श्रेणी वा सी.जी.पी.ए. २ सहित स्नातकोत्तर तहको उपाधि हासिल गरी पूर्वाञ्चल विश्वविद्यालय अर्न्तगतको सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थामा कार्यरत पूर्णकालीन शिक्षकहरूले पद प्रमाणीकरण प्रतियोगितामा भाग लिन पाउनेछन् ।

(ख) पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थामा कार्यरत पूर्णकालीन शिक्षकहरूले पद प्रमाणीकरण प्रतियोगितामा भाग लिन देहाय बमोजिम अनुभवको प्रमाण पेश गर्नु पर्नेछ:

| पद | कार्य अनुभव |
|---|---|
| उप-प्राध्यापक | ३ वर्ष |
| सह-प्राध्यापक | १० वर्ष |
| प्राध्यापक | १५ वर्ष |

**<u>द्रष्टव्य:</u>** डी.एम. उपाधि हासिल गरेका शिक्षकले उप-प्राध्यापक पदमा आवेदन गरेमा अनुभव आवश्यक नपर्ने । सह-प्राध्यापक पदको लागि ७ वर्षको अनुभवलाई आवेदन गर्न मान्यता प्रदान गरिनेछ ।

**२.६ प्रतियोगितामा सहभागी हुन नपाउने:**

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर भएको ।

ख) भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवा वा अन्य नेपाल सरकारको स्वामित्वमा रहेको संघ-संस्थाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको ।

(ग) न्यूनतम् शैक्षिक योग्यता र अनुभव पूरा नभएको ।

**२.७ आवेदन फाराम अस्वीकृत हुने:**

(क) सूचना बमोजिम आवेदन फारामसँग संलग्न हुनुपर्ने नियम २.४ मा उल्लेखित विवरणहरू संलग्न नभएमा ।

(ख) आवेदन दस्तुर बुझाएको बैंक भौचर वा डिमान्ड ड्राफ्ट संलग्न नभएमा ।

(ग) सूचनामा उल्लेखित अवधि नाघी आवेदन फाराम प्राप्त भएमा ।

(घ) आवेदन फाराममा उल्लेख गर्नुपर्ने आवश्यक विवरणहरू नभरेमा, केरमेट एवम् तोकिएको स्थानमा सहीछाप नगरेमा वा नपाइएमा ।

## परिच्छेद ३
## प्रतियोगिताको आधार र अङ्क विभाजन

**३.१ पद प्रमाणीकरण प्रतियोगिता:** यो प्रतियोगिता सामान्यतया वर्षको एक पटक सञ्चालन हुनेछ । तर अत्यावश्यक भएको भनी सम्बन्धित संकायबाट अनुरोध भई आएमा थप एक पटक सञ्चालन गर्न सकिनेछ ।

**३.२ पद प्रमाणीकरणको आधार र अङ्क विभाजन:**

(क) पद प्रमाणीकरणको आधार र अङ्क विभाजन देहाय बमोजिम हुनेछ:

| क्र.सं. | प्रतियोगिताको आधार | उप-प्राध्यापक | सह-प्राध्यापक | प्राध्यापक |
|---|---|---|---|---|
| १. | शैक्षिक योग्यता | ४० | ३० | ३० |
| २. | प्राध्यापन अनुभव | १५ | १५ | १५ |
| ३. | अनुसन्धान र कृति प्रकाशन | १० | ३० | ३० |
| ४. | तालिम | १० | - | - |
| ५. | अन्तर्वार्ता | २५ | २५ | २५ |
| | **जम्मा** | **१००** | **१००** | **१००** |

(ख) पद प्रमाणीकरणका लागि सञ्चालन हुने प्रतियोगिताको आधार र अङ्क विभाजन देहाय बमोजिम हुनेछ:

(१) शैक्षिक योग्यताको अङ्क विभाजन अनुसूची १ बमोजिम हुनेछ ।

(२) प्राध्यापन अनुभको अङ्क विभाजन अनुसूची २ बमोजिम हुनेछ ।

(३) अनुसन्धान र कृति प्रकाशनको अङ्क विभाजन अनुसूची ३ बमोजिम हुनेछ ।

४) अन्तर्वार्ताको अङ्क विभाजन अनुसूची ४ बमोजिम हुनेछ ।

(५) तालिमको अङ्क विभाजन अनुसूची ५ बमोजिम हुनेछ ।

## परिच्छेद ४
## योग्यताक्रम सूची र सिफारिश

### ४.१ योग्यताक्रम सूची र सिफारिश

(क) सेवा आयोगले निर्धारित गरेको पूर्णाङ्क र अङ्क विभाजन बमोजिम उम्मेदवारहरूले प्राप्त गरको कुल प्राप्ताङ्क तालिका बनाई योग्यताक्रम सूची तयार गरी तोकिएको पद संख्याको आधारमा सफल उम्मेदवारहरूको नाम प्रकाशित गर्नेछ ।

(ख) पद प्रमाणीकरण प्रतियोगिताको उत्तीर्णाङ्क उप–प्राध्यापकको ५० प्रतिशत, सह–प्राध्यापकको ६० प्रतिशत र प्राध्यापकको ७० प्रतिशत हुनेछ ।

(ग) नेपाल भित्रका अन्य विश्वविद्यालयमा स्थायी भई कुनै पनि पद प्राप्त गरेका प्राध्यापकहरुको पद प्रमाणीकरण गर्नु पर्ने भएमा सेवा आयोगको सिफारिसमा चिकित्साशास्त्र संकायले गर्नेछ ।

### ४.२ बराबर अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको सिफारिश सम्बन्धमाः

(क) पद प्रमाणीकरण प्रतियोगितामा सम्मिलित उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर हुन गएमा न्यूनतम् शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशतका आधारमा र सो पनि बराबर भएमा उमेरका आधारमा योग्यताक्रम सूची निर्धारण गरिनेछ ।

(ख) खण्ड (क) बमोजिम योग्यताक्रम नछुट्टिएमा अन्तर्वार्तामा बढी अङ्क प्राप्त गरेको आधारमा योग्यताक्रम सूची निर्धारण गरिनेछ ।

## परिच्छेद ५
## विविध

५.१ कम्पार्टमेण्टल परीक्षा उत्तीर्ण उपाधिलाई तृतीय श्रेणीको अङ्क प्रदान गरिनेछ ।

५.२ कुनै श्रेणी नखुलेको उपाधिलाइ द्वितीय श्रेणीको अङ्क प्रदान गरिनेछ ।

५.३ स्नातक पछि स्नातकोत्तर तहको उपाधि प्राप्त नगरी सिधै सम्बन्धित विषयमा विद्यावारिधिको उपाधि हासिल गरेमा स्नातकोत्तर तह र विद्यावारिधि दुवै उपाधिको अङ्क प्रदान नगरी एक उपाधिको मात्र अङ्क प्रदान गरिनेछ । पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगमा अनुभव गणना गर्ने र अङ्क प्रदान गर्ने प्रयोजनका लागि त्यस्तो विद्यावारिधि उपाधिलाई स्नातकोत्तर तह द्वितीय श्रेणी सरह मान्यता दिई अङ्क प्रदान गरिनेछ । स्नातकोत्तर तह उत्तीर्ण गरी विद्यावारिधिको उपाधि प्राप्त गरेको अवस्थामा मात्र स्नातकोत्तर तह र विद्यावारिधि दुवै उपाधिको अङ्क प्रदान गरिनेछ ।

५.४ शैक्षिक उपाधिमा अङ्क दिने प्रयोजनका लागि चिकित्साशास्त्र अन्तर्गतको सम्बन्धित विषयको DM वा सो सरह (Equivalent)को उपाधिलाई विद्यावारिधि उपाधि सरह मान्य हुनेछ । विद्यावारिधि उपाधि, एम.फिल उपाधि र DM वा सो सरह (Equivalent)को उपाधि प्राप्त गरेको अवस्थामा सो मध्ये कुनै एक उपाधिको मात्र अङ्क प्रदान गरिनेछ । एम.फिल उपाधिमा CGPA-C वा CGPA-2 भन्दा कमलाई अङ्क प्रदान गरिने छैन । सम्बन्धित विषयको विद्यावारिधि उपाधि र एम.फिल उपाधिलाई मात्र अङ्क प्रदान गरिनेछ ।

५.६ विभिन्न विषयको समान तहको एकभन्दा बढी शैक्षिक योग्यता हासिल गरेको भए पनि आवेदित पदसँग सम्बन्धित एउटा शैक्षिक योग्यताको उपाधिको मात्र प्रदान गरिनेछ ।

### ५.७ सिफारिश बदर हुने अवस्थाः

(क) झुट्ठा विवरण उल्लेख सिफारिश भएको पाइएमा ।

(ख) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भूल वा त्रुटि भई सिफारिश भइसकेको अवस्थामा पनि उम्मेदवार सिफारिश भएको मितिले १ महिनाभित्र भूल वा त्रुटि प्रमाणित भएमा ।

**५.८ बाधा अड्काउ फुकाउने व्यवस्थाः**

(क. यस पद प्रमाणीकरणको आधार र सिफारिश सम्बन्धी कार्यप्रणालीमा स्पष्ट उल्लेख भएको व्यवस्था बाहेक अन्यको हकमा सेवा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) यस कार्यप्रणालीको अन्तिम व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार सेवा आयोगलाई हुनेछ ।

(ग) यस कार्यप्रणालीमा उल्लेखित व्यवस्थाहरूको अतिरिक्त पूर्वाञ्चल विश्वविद्यालय एन २०५० , पूर्वाञ्चल विश्वविद्यालयका प्रचलित नियमावलीहरू, विश्वविद्यालय सभा, प्राज्ञिक परिषद, कार्यकारी परिषद आदिले समय-समयमा गरेका निर्णय एवम् निर्देशन समेत लागू हुनेछ ।

**५.९ बचाउः**

(क) यस कार्यप्रणलीमा भएको व्यवस्था बमोजिम पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थामा कार्यरत शिक्षकहरूले एक वर्षभित्र पद प्रमाणीकरण गराइसक्नु पर्नेछ ।

(ख) यस कार्यप्रणली बमोजिम पद प्रमाणीकरण नगराएका शिक्षकलाई विश्वविद्यालयको कुनै पनि पदको अध्यापन, अनुसन्धान कार्यमा सहभागी गराइने छैन । तर नेपाल सरकारबाट नियुक्ति भएकाहरूको हकमा भने यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

**५.१० सिफारिसः तथा प्रमाणपत्र**

(क) सेवा आयोगबाट सफल उम्मेदवारहरुको सुचि चिकित्साशास्त्र संकाय डीनलाई उपलब्ध गराइनेछ ।

(ख) सेवा आयोगबाट सफल उम्मेदवारहरुलाई १५ दिन भित्र पद प्रमाणिकरणको प्रमाणपत्र चिकित्साशास्त्र संकायले दिनेछ ।

(ग) तोकिएको समय भित्र पद प्रमाणिकरणको प्रमाणपत्र लिन नआएमा प्रतिक्षा सुचिका उम्मेदवारहरुलाई बर्णानुक्रमानुसार पद प्रमाणिकरणको प्रमाणपत्र उपलब्ध गराइनेछ ।

**५.११ विशेषज्ञ सम्बन्धी व्यवस्थाः**

(क) रोस्टरमा रहेका मध्येबाट सेवा आयोगले तोकेअनुसारका विशेषज्ञहरू हुनेछन् । तर रोस्टरमा उल्लेखित विषय विशेषज्ञ अपुग भएमा वा विषयगत विशेषज्ञ उल्लेख नभएमा सेवा आयोगले थप व्यवस्था गर्न सक्नेछ ।

(ख) अन्तर्वार्ता र कृति मूल्यांकनका विज्ञहरू फरक फरक हुनेछन् ।

(ग) सेवा आयोगको अध्यक्ष र सदस्यहरूले प्रदान गरेको अङ्कको औषत योगफल उल्लेख गरिनेछ ।

(घ) सम्बन्धित विषय विशेषज्ञले प्रदान गरेको अङ्कको औषत योगफल उल्लेख गरिनेछ ।. सेवा आयोगको अध्यक्ष र सदस्यले प्रदान गरेको औषत अङ्क र सम्बन्धित विषय विशेषज्ञले प्रदान गरेको औषत अङ्कलाई जोडेर उम्मेदवारको अन्तर्वार्ताको कूल प्राप्ताङ्क कायम गरिनेछ ।

**अनुसूची १**

**शैक्षिक योग्यताको अङ्क विभाजन**

| शैक्षिक योग्यता | पद प्रमाणीकरण प्रतियोगिता | | |
|---|---|---|---|
| | प्राध्यापक | सह-प्राध्यापक | उप-प्राध्यापक |
| स्नातक तह प्रथम श्रेणी | ५ | ५ | ५ |
| स्नातक तह द्वितीय श्रेणी | ४ | ४ | ४ |
| स्नातक तह तृतीय श्रेणी | ३ | ३ | ३ |

| | | | |
|---|---|---|---|
| स्नातकोत्तर तह प्रथम श्रेणी | १५ | १५ | २० |
| स्नातकोत्तर तह द्वितीय श्रेणी | १२ | १२ | १७ |
| एम.फिल./ए.डि.एम.आर./डि.एम./ विद्यावारिधि आदि | १० | १० | १५ |

**द्रष्टव्य:** कुनै आवेदकको अङ्क गणना गर्दा एम.फिल./ए.डि.एम.आर./डि.एम. र विद्यावारिधि मध्ये कुनै एकको मात्र अङ्क गणना गरिनेछ ।

## अनुसूची २
## प्राध्यापन अनुभवको अङ्क विभाजन

| आवेदित पद | अनुभव वर्ष | प्रति वर्ष पाउने अङ्क | जम्मा अङ्क |
|---|---|---|---|
| प्राध्यापक | १५ | १ | १५ |
| सह-प्राध्यापक | १० | १.५ | १५ |
| एप-प्राध्यापक | ५ | ३ | १५ |

**द्रष्टव्य:**

१. सेवा अवधिको गणना गर्दा जम्मा हुन आउने अवधिमा वर्ष र महिनाभन्दा कम अवधिको अङ्क प्रदान गरिने छैन ।

२. विभिन्न शैक्षिक संस्थामा सम्बन्धित विषयमा न्यूनतम् स्नातक तहको पूर्णकालीन शिक्षक भई प्राध्यापन गरेको अवस्थामा सम्बन्धित क्याम्पस/कलेज/संस्थाबाट प्रमाणित पत्रको सक्कलै पेश गर्नु पर्नेछ ।

## अनुसूची ३
## अनुसन्धान र कृति प्रकाशनको अङ्क विभाजन

| पद | सम्बन्धित विषयगत पाठ्यपुस्तक | | सम्बन्धित विषयको अनुसन्धानात्मक सन्दर्भ ग्रन्थ | | तर शोध नातका निर्देशन | | सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदन | | सम्बन्धित विषयका अनुसन्धानात्म लेख | | पी.एच.डी. शोध निर्देशन | | सम्बन्धित विषयको साधारण लेख | | विषयगत अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख सिमागो स्तर | | य/अन्तर्राष्ट्रिय अनुसन्धानात्मक राष्टि जर्नलमा प्रकाशित लेख | | जम्मा पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अ | आ | अ | आ | अ | आ | अ | आ | अ | आ | अ | आ | अ | आ | अ | आ | अ | आ | |
| प्राध्यापक / सह-प्राध्यापक | २ | ४ | २.५ | ५ | १ | ४ | २ | ४ | २ | ६ | २ | ४ | १ | ३ | २ | ६ | १.५ | ६ | **४२** |
| उप-प्राध्यापक | १ | २ | १.५ | ३ | १ | २ | १ | २ | १.५ | ३ | | | ०.५ | १ | १ | २ | १ | २ | **१७** |

**द्रष्टव्यः**

१. “अ” प्रति इकाई वापतको प्राप्ताङ्क ।

२. “आ” सम्बन्धित शीर्षकमा प्राप्त गर्न सकिने अधिकतम प्राप्ताङ्क ।

३. सामान्यत एकभन्दा धेरै लेखकले लेखेको कृतिको हकमा प्राप्त प्राप्ताङ्क दामासाहीले प्रदान गरिनेछ । आवेदक प्रथम लेखक भएमा दामासाहीले प्राप्त अङ्कमा १० प्रतिशत थप अङ्क प्रदान गरिनेछ । प्रस्तुत गरिएको जर्नल (Journal)मा प्रकाशित लेखमा लेखकहरूको योगदान उल्लेख भएको छ भने त्यसलाई मूल्याङ्कन गर्दा ध्यानमा राखिनेछ ।

४. सबै शीर्षकहरूबाट प्राप्त गर्न सकिने अधिकतम् प्राप्ताङ्कको कूलयोग जम्मा पूर्णाङ्कभन्दा बढी रहेको छ । यसले उम्मेदवारलाई अनुसन्धान र शैक्षिक प्रकाशनको गतिविधिमा बढी प्रेरित गर्नेछ ।

५. कृति तथा अनुसन्धानात्मक लेखहरूको मूल्याङ्कन ख्याति प्राप्त विशेषज्ञहरूबाट गराई औषत प्राप्ताङ्कको आधारमा अङ्क प्रदान गरिने छ ।

६. कुनै एक निकायमा मूल्याङ्कन भई अङ्क गणना भइसकेको कृति तथा प्रकाशनहरूलाई पूनः पद प्रमाणीकरणका लागि मूल्याङ्कन गरिने छैन । एक तहमा मूल्याङ्कनमा प्रयोग भइसकेको कृति माथिल्लो तहको प्रमाणीकरणमा मूल्याङ्कन गरिने छैन ।

७. पद प्रमाणीकरणका लागि सूचना प्रकाशन भएपछि प्रकाशित भएका अनुसन्धान ⁄ कृति प्रकाशन वा शोध निर्देशन कार्यको मूल्याङ्कन गरिने छैन ।

८. राष्ट्रिय ⁄ अन्तर्राष्ट्रिय सेमिनार कार्यशालामा प्रस्तुत गरेको कार्यपत्रको Acceptance Letter अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

**अनुसन्धान र कृति प्रकाशन सम्बन्धी अन्य व्यवस्थाः**

१. अनुसन्धान तथा कृति प्रकाशनको अङ्कमा आवेदित पदमा लेखिएको पुस्तक, कृति, अनुसन्धान कार्य आदि वापत मात्र अङ्क प्रदान गरिनेछ ।

२. समाचारमा वा समाचार-पत्रमा छापिएका लेखको मूल्याङ्कन गरिने छैन ।

३. बहुलेखकबाट प्रकाशित कृतिको मूल्याङ्कन गर्दा उक्त कृतिको पूर्णाङ्कको आधारमा दामासाहीले अङ्क प्रदान गरिनेछ ।

४. पीएच.डी. को शोधपत्र पुस्तकको रूपमा प्रकाशित भए पनि सो पुस्तकको कुनै पनि अङ्क प्रदान गरिन छैन ।

५. अनुसन्धान तथा कृति मूल्याङ्कन गराउँदा सेवा आयोगले सम्बन्धित विषयका कम्तिमा दुईजना विशेषज्ञबाट छुट्टाछुट्टै मूल्याङ्कन गराई औसत अङ्क निकाल्नेछ । मूल्याङ्कन पछि विशेषज्ञले आवेदकले प्राप्त गरेको प्राप्ताङ्क सेवा आयोगले दिएको ढाँचामा उल्लेख गरी शिलबन्दी गरी बुझाउनु पर्नेछ । सेवा आयोगले आवश्यक सम्झेमा यस व्यवस्थाको सट्टा सम्बन्धित विषयका कम्तिमा दुई जनाको मूल्याङ्कन समिति गठन गरी सोही समितिबाट अनुसन्धान तथा कृति मूल्याङ्कन गराउन पनि सक्नेछ ।

६. विद्यावारिधि तहको शोध निर्देशन गरी सो शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको शोध निर्देशनको मात्र अङ्क प्रदान गरिनेछ । यसको निम्ति शोधार्थीको नाम, शोध शीर्षक तथा शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको मिति उल्लेख गरी सम्बन्धित निकायबाट जारी गरिएको पत्रको सक्कलै पेश गर्नुपर्नेछ ।

७. स्नातकोत्तर तहको शोध निर्देशन गरी सो शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको शोध निर्देशनको मात्र अङ्क प्रदान गरिनेछ । यसका निम्ति शोधार्थीको नाम, शोध शीर्षक शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको मिति उल्लेख गरी सम्बन्धित निकायबाट जारी गरिएको पत्रको सक्कल समेत पेश गर्नुपर्नेछ ।

८. आवेदकले आफ्ना कृतिहरूलाई जुन प्रकार अर्न्तगत मूल्याङ्कनका लागि पेश गरेको हो, सोही प्रकार अन्तर्गत रहेर अङ्क प्रदान गरिनेछ । आवेदकले माग गरेको भन्दा भिन्न प्रकारमा गएर कुनै पनि कृतिको मूल्याङ्कन गरिने छैन ।

९. आवेदकले प्रत्येक महलमा उल्लेखित कृति संख्या भन्दा ५० प्रतिशत थप बढी कृतिहरू बुझाउन सक्नेछ । ५० प्रतिशत गर्दा बिजोडा वा नमिल्ने अवस्थामा उक्त संख्यामा थप अर्को एउटा कृति बुझाउन सक्नेछ । आवेदकले पेश गरेको सबै कृति मूल्याङ्कन गरी प्रत्येक महलमा उल्लेखित अधिकतम् अङ्कमा नबढ्ने गरी अङ्क प्रदान गरिनेछ ।

**१०. सम्बन्धित विषयको पाठ्यपुस्तकमा अङ्क प्रदान गरिने आधारः**

(क) पाठ्यक्रममा उल्लेखित विषयवस्तुले ओगटेको (Coverage) क्षेत्र

(ख) विषयवस्तुको गहिराई

(ग) भाषा

(घ) तह अनुरूप विषयवस्तुको प्रस्तुतिकरण

(ङ) आवश्यक चार्ट, चित्र, तालिका

(**स्पष्टीकरणः** "पाठ्यपुस्तक सन्दर्भ ग्रन्थ" भन्नाले स्नातक तह वा स्नातकोत्तर तहको लागि लेखिएको पुस्तक सम्झनुपर्छ । पाठ्यपुस्तक वापतको अङ्क प्रदान गर्न पूर्वाञ्चल विश्वविद्यालयको कुनै निश्चित तहको, कुनै निश्चित पत्रको, निश्चित विषयको पाठ्यपुस्तकको रूपमा प्रयोग गर्न सकिने भनी मान्यता प्रदान गरिएको विवरण सहित आधिकारिक व्यक्तिबाट लेखिएको पुस्तकमा संलग्न हुनुपर्नेछ ।)

**११. सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदनमा अङ्क दिइने न्यूनतम आधारः**

(क) मौलिक खोज वा अनुसन्धानमा आधारित

(ख) सम्बन्धित विषयलाई योगदान पुग्ने

(ग) विषयवस्तुको गहिराई

(घ) भाषा र प्रस्तुतीकरण

(ङ) आवश्यक चार्ट, चित्र, तालिका

**१२. सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदनमा अङ्क प्रदान गरिने न्यूनतम आधार**ः

(क. विषयसँग सम्बन्धित

(ख. उदेश्य अनुरूप विषयवस्तुको संगठन र प्रस्तुतिकरण

(ग. अनुसन्धान विधिको स्पष्टता

(घ. निष्कर्ष वा प्राप्तिहरूमा सुझाव

**१३. अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख तथा विषयगत अनुसन्धानात्मक लेखमा अङ्क दिने न्यूनतम् आधारः**

(क) शीर्षक र विषयवस्तुको सम्बन्ध

(ख) उद्देश्य अनुरूप विषयवस्तुको संगठन र प्रस्तुतीकरण

(ग) अनुसन्धान विधिको प्रयोग

(घ) विश्लेषण

(ङ) मौलिकता

(**स्पष्टीकरणः** यस अन्तर्गत अध्ययनको पृष्ठभूमि वा परिचय वा सन्दर्भ, अध्ययन विधि वा अध्ययन प्रक्रिया र प्राप्तिहरू नभएको लेखमा अङ्क प्रदान गरिने छैन ।)

**१४. साधारण लेखमा अङ्क दिइने न्यूनतम आधारः**

(क) शीर्षक र विषयवस्तुको सम्बन्ध

(ख) प्रस्तुतिकरण

(ग) मौलकता

(**स्पष्टीकरणः** अनुसन्धानात्मक लेखलाई आवेदकले साधारण लेखको रूपमा पेश गरेमा उक्त लेखलाई साधारण लेखको रूपमा अङ्क प्रदान गरिनेछ ।)

१५. अनुसन्धान प्रतिवेदनका साथमा अनुसन्धान गराउने संस्थाको अनुसन्धान पूरा भएको वर्ष तथा उक्त अनुसन्धान प्रतिवेदन मूल्याङ्कन भई स्वीकृत भएको विवरण सहितको आधिकारिक पत्र सक्कलै संलग्न भएको हुनुपर्नेछ । यस्तो आधिकारिक पत्र संलग्न नभएको अनुसन्धान प्रतिवेदनको मूल्याङ्कन गरिने छैन ।

१६. आवेदकले आवेदन फारामसँगै पेश गर्न ल्याएको अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची आवेदन फारामका साथै तोकिएको ढाँचामा समेत उल्लेख गरी पेश गर्नुपर्नेछ । आवेदकले पेश गरेको अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची अन्तरर्वाताको सूचना प्रकाशित गरेपछि सार्वजनिक जानकारीका लागि सेवा आयोगले सूचना पाटीमा टाँस गर्नेछ ।

१७. कृति मूल्याङ्कन गर्ने प्रयोजनका लागि नेपालभित्र छापिएको वा प्रकाशित भएको कुनै पनि जर्नल अन्तर्राष्ट्रिय जर्नलका रूपमा गणना गरिने छैन । नेपाल बाहिरबाट प्रकाशित जर्नलका सम्बन्धमा विषयगत अन्तर्राष्ट्रिय जर्नलको वर्गीकरण पर्ने वा नपर्ने सम्बन्धमा सम्बन्धित विषयगत विज्ञहरू सम्मिलित कृति मूल्याङ्कन समितिले निर्णय गरे अनुसार हुनेछ ।

१८. जर्नलको एक अङ्कबाट एक उम्मेदवारको एउटा मात्र लेखको मूल्याङ्कन हुनेछ ।

१९. प्रश्नोत्तरको रूपमा तयार पारिएको वा गाईड जस्ता कुनै पनि पुस्तकहरूमा अङ्क प्रदान गरिने छैन ।

२०. ISBN  नम्बर अंकित नभएको पुस्तक तथा ISSN नं. नभएको जर्नलको मूल्याङ्कन गरिने छैन । तर यो कार्यप्रणाली लागू हुनुभन्दा अगाडि  ISBN नं. अंकित नभई प्रकाशित भएका पुस्तकहरूको हकमा एक पटकका लागि पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगले यो कार्यप्रणली लागू भएपछि पहिलो पटक विज्ञापन प्रकाशित भएको मितिले ७ दिनभित्र आफ्नो १ प्रति पुस्तक सम्बन्धित विषय समितिमा बुझाई त्यसको प्रमाण आफ्नो कृतिमा संलग्न गर्नु पर्नेछ ।

२१. अनुसन्धान र कृति प्रकाशन वापत प्राध्यापक र सह-प्राध्यापक पदको लागि कूल ३० अंक र उप-प्राध्यापक पदको लागि १० अंक भन्दा बढी हुने गरी मूल्यांकन गरिने छैन ।

## अनुसूची ४

## अन्तर्वार्ताको अङ्क विभाजन

१. सेवा आयोगको विज्ञापन बमोजिम पद प्रमाणीकरण प्रतियोगिता हुने सबै शैक्षिक पदका लागि अन्तर्वार्ता अनिवार्य हुनेछ । अन्तर्वार्ताको मिति, समय र स्थान सेवा आयोगले तोके बमोजिम हुनेछ ।

२. पद प्रमाणीकरण प्रतियोगितातर्फ प्राध्यापक, सह-प्राध्यापक र उप प्राध्यापक पदको लागि अन्तर्वार्ता २५ पूर्णाङ्कको हुनेछ । अन्तर्वार्तामा सेवा आयोगको अध्यक्ष र सदस्यले ५ पूर्णाङ्कको आधारमा र विशेषज्ञले २० पूणाङ्कको आधारमा अङ्क प्रदान गर्नेछन् ।

३. सेवा आयोगको अध्यक्ष, सदस्य वा विशेषज्ञले उम्मेदवारलाई पूर्णाङ्कको ४० प्रतिशत भन्दा कम वा ८० प्रतिशत भन्दा बढी अङ्क प्रदान गर्नु परेमा कारण जनाउनु पर्नेछ । यसरी कारण जनाएर न्यूनतम् वा अधिकतम् भन्दा बढी अङ्क सेवा आयोग र विशेषज्ञले बहुमतले प्रदान गरेको भए सोही बमोजिम लागू हुनेछ । तर एक जनाले मात्र न्यूनतम् भन्दा घटी वा अधिकतम भन्दा बढी अङ्क दिएको भए बहुमतको औषत अनुसारको अङ्क मात्र कायम रहनेछ ।

४. कारण नखुलाई ८० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम अङ्क दिएको पाइएमा बढीमा ८० प्रतिशत र घटीमा ४० प्रतिशत अङ्क प्रदान गरिनेछ ।

५. अन्तर्वार्ता प्रयोजनको लागि विशेषज्ञहरूमा चिकित्साशास्त्र संकायको डिन र सम्बन्धित विषयको विशेषज्ञ गरी २ जना विज्ञहरू हुनेछन् ।

६. अन्तर्वार्तामा पूर्णाङ्कको ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको पद प्रमाणीकरणको सिफारिश गरिने छैन ।

७. अन्तर्वार्ता सम्बन्धी सूचना राष्ट्रियस्तरको पत्रिकामा वा सम्बन्धित निकायको वेबसाइटमा कम्तिमा ७ दिन अगाडि प्रकाशित गरिनेछ ।

## अनुसूची ५
## तालिमको अङ्क विभाजन

| क्र.स. | तालिम अवधि | प्रति तालिम वापतको अङ्क | तलिम संख्या | जम्मा अङ्क |
|---|---|---|---|---|
| १. | ७ दिनदेखि १ महिनासम्मको | २.५ | ४ | १० |
| २. | ३ महिनासम्मको | ५ | २ | १० |
| ३. | ६ महिनासम्मको | १० | १ | १० |

**द्रष्टव्यः**

१. पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालय तथा संस्थाबाट पाठ्यक्रमसँग सम्बन्धित विषयमा वा अनुसन्धानात्मक खोज अन्वेषणका लागि प्रदान गरिएको तालिमको मात्र अङ्क प्रदान गरिनेछ ।

२. तालिम वापतको अङ्क उप-प्राध्यापक तहको पद प्रमाणीकरणका लागि आवेदन गर्ने उम्मेदवारहरूले मात्र प्राप्त गर्नेछन् ।

आवेदन फारामको सिलसिलेवार नं.:

# पूर्वाञ्चल विश्वविद्यालय
# सेवा आयोग आवेदन फाराम
## (पद प्रमाणीकरण प्रतियोगिताको लागि)

विज्ञापन नं:

**कार्यालय प्रयोजनका लागि:**

आवेदन दर्ता नं. :

आम्दानी रसिद नं.:

रकम:

मिति: हस्ताक्षर:

| | |
|---|---|
| नाम, थर (देवनागरीमा): | |
| नाम, थर (अंग्रेजीमा): | |
| आवेदित पद: | विषय: |
| प्रतियोगिताको प्रकार: | |
| हाल कार्यरत क्याम्पस/कार्यालय: | |

**नोट:**

आवेदन दस्तुर पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगको कार्यालयको नाममा रहेको नबिल बैंक लि.को विराटनगर शाखाको चल्ती खाता नं. ०७०१०१७५०११३३ मा जम्मा गरी सक्कल बैंक भौचर यसै फाराम साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

## संलग्न प्रमाणपत्र एवम् आवश्यक कागजातहरूको विवरण:

| क्र.सं. | प्रमाणपत्रहरूको विवरण | | सिलसिलेवार नं. |
|---|---|---|---|
| १. | नागरिकताको प्रमाणपत्र: | | |
| २. | प्रवेशिका वा सो सरह | (क) मार्कसिट | |
| | | (ख) चारित्रिक प्रमाणपत्र | |
| | | (ग) मूल प्रमाणपत्र | |

| | | | |
|---|---|---|---|
| ३. | प्रमाणपत्र तह वा सो सरह | (क) ट्रान्सकृप्ट | |
| | | (ख) चारित्रिक प्रमाणपत्र | |
| | | (ग) अस्थायी/मूल प्रमाणपत्र | |
| ४. | स्नातक तह वा सो सरह | (क) ट्रान्सकृप्ट | |
| | | (ख) चारित्रिक प्रमाणपत्र | |
| | | (ग) अस्थायी/मूल प्रमाणपत्र | |
| ५. | स्नातकोत्तर तह वा सो सरह | (क) ट्रान्सकृप्ट | |
| | | (ख) चारित्रिक प्रमाणपत्र | |
| | | (ग) अस्थायी/मूल प्रमाणपत्र | |
| ६. | एम.फिल./ए.डि.एम.आर./डि.एम./ विद्यावारिधि | उपाधिको प्रमाणपत्र | |
| ७. | तालिम, अनुभव तथा अन्य प्रमाणपत्रहरू | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

*आवेदन फारामको सिलसिलेवार नं.:*

# पूर्वाञ्चल विश्वविद्यालय

# सेवा आयोग

(पद प्रमाणीकरण प्रतियोगिताको लागि)

| **कार्यालय प्रयोजनका लागिः** | |
|---|---|
| आवेदन दर्ता नं.: | आम्दानी रसिद नं.: |
| दर्ता मितिः | रकमः |
| हस्ताक्षरः | मितिः |

दुबै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो (फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्नु पर्ने ।)

## आवेदन फाराम

विज्ञापन नं.: विषयः आवेदित पदः

१. आवेदकको नाम, थरः

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| देवनागरीमाः | | | | | | | | | | | | | | | | | | | | | |
| अंग्रेजीमा (in BLOCK): | | | | | | | | | | | | | | | | | | | | | |

२. व्यक्तिगत विवरणः

| | | | |
|---|---|---|---|
| नागरिकता नं.: | | जिल्लाः | |
| नागरिकताको प्रमाणपत्र जारी भएको मितिः | | | |
| जन्म मिति (वि.सं): | | इ.सं.: | |
| हालको उमेरः | | | |
| लिङ्गः | धर्मः | वर्णः | उचाईः |
| विशेष चिन्ह (हुलिया): | | | |
| विवाहित भए पति/पत्निको नामः | | | |
| बाजेको नाम, थरः | | | |
| बुबा/आमाको नाम, थरः | | | |

| **स्थायी ठेगाना** (नागरिकताको प्रमाण पत्र अनुसारको) अञ्चलः जिल्लाः<br>गाउँ/नगरपालिकाः<br>वडा नं.: मार्गः<br>टेलिफोन नः | **अस्थायी ठेगाना** (हाल बसोबास गरिरहेको) प्रदेशः जिल्लाः<br>गाउँ/नगरपालिकाः<br>वडा नं.: मार्गः<br>टेलिफोन नः |
|---|---|

३. कुनै कार्यालयमा कार्यरत भएः

| | |
|---|---|
| कार्यरत पदः | विषयः |
| स्थायी/अस्थायी/करारः | |
| क्याम्पस/कार्यालयको नाम ठेगानाः | |

४. शैक्षिक योग्यताः

| उत्तीर्ण गरेको परीक्षा | उत्तीर्ण गरेको वर्ष | प्राप्त शैक्षिक उपाधि | उत्तीर्ण गरेको शिक्षण संस्थाको नाम र ठेगाना | कूल पूर्णाङ्क | कूल प्राप्ताङ्क | उत्तीर्ण श्रेणी | प्राप्ताङ्क प्रतिशत/ CGPA | प्रमाणित प्रतिलिपिको सिलसिलेवार नम्वर |
|---|---|---|---|---|---|---|---|---|
| प्रवेशिका | | | | | | | | |
| प्रविणता प्रमाणपत्र तह वा सो सरह | | | | | | | | |
| स्नातक तह वा सो सरह | | | | | | | | |
| स्नातकोत्तर तह वा सो सरह | | | | | | | | |
| एम.फिल/ए.डि.एम. आर./डि.एम. | | | | | | | | |
| विद्यावारिधि | | | | | | | | |

**५. अनुसन्धान र कृति प्रकाशनको विवरण :**

आवेदकको नामः ...........................................................................................................................

आवेदित पदः ....................................................... विज्ञापन नं.: .....................................................

विषयः ............................................................................................................................... हाल

कार्यरत पदः ......................................................................................................................... हाल

कार्यरत रहेको पदमा नियुक्ति मितिः .............................................................................................. हाल

कार्यरत क्याम्पस/कार्यालयः ...................................................................................................

(नोटः विज्ञापन प्रकाशित हुनुभन्दा पहिले नै प्रकाशित भइसकेका आफ्ना कृतिहरूको विवरण केरमेट नगरी टिपेक्स प्रयोग नगरी प्रष्टसँग बुझिने गरी आफैंले भरी उल्लेख गर्नु पर्नेछ ।)

(क) सम्बन्धित विषयगत पाठ्यपुस्तकः

| क्र.सं. | पुस्तकको नाम | प्रकाशकको नाम | प्रकाशित मिति | एक्लै/संयुक्त लेखन | **कार्यालय प्रयोजनको लागि मात्र** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(ख) सम्बन्धित विषयको अनुसन्धानात्मक सन्दर्भ ग्रन्थः

| क्र.सं. | पुस्तकको नाम | प्रकाशकको नाम | प्रकाशित मिति | एक्लै/संयुक्त लेखन | **कार्यालय प्रयोजनको लागि मात्र** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(ग) सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदनः

| क्र.सं. | अनुसन्धान प्रतिवेदनको शीर्षक | अनुसन्धान गराउने संस्थाको नाम | अनुसन्धान सम्पन्न वर्ष | एक्लै/संयुक्त लेखन | **कार्यालय प्रयोजनको लागि मात्र** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(घ) सम्बन्धित विषयको अनुसन्धानात्मक लेखः

| क्र.सं. | लेखको शीर्षक | जर्नल/पत्रिकाको नाम र अङ्क | प्रकाशित मिति, साल र महिना | एक्लै/संयुक्त लेखन | **कार्यालय प्रयोजनको लागि मात्र** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(ङ) पीएच. डी. शोध निर्देशनः

| क्र.सं. | विद्यार्थीको नाम | शोधपत्रको शीर्षक | शोधपत्र पूरा गरेको मिति | कार्यालय प्रयोजनको लागि मात्र | | |
|---|---|---|---|---|---|---|
| | | | | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(च) स्नातकोत्तर शोध निर्देशनः

| क्र.सं. | विद्यार्थीको नाम | शोधपत्रको शीर्षक | शोधपत्र पूरा गरेको मिति | कार्यालय प्रयोजनको लागि मात्र | | |
|---|---|---|---|---|---|---|
| | | | | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(छ) सम्बन्धित विषयको साधारण लेखः

| क्र.सं. | लेखको शिर्षक | पत्रिकाको नाम र अङ्क | प्रकाशित मिति, साल र महिना | एक्लै/संयुक्त लेखन | कार्यालय प्रयोजनको लागि मात्र | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(ज) विषयगत अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख

| क्र.सं. | लेखको शीर्षक | पत्रिकाको नाम र अङ्क | प्रकाशित मिति, साल र महिना | एक्लै/संयुक्त लेखन | कार्यालय प्रयोजनको लागि मात्र | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(झ) राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेखः

| क्र.सं. | कार्यपत्रको शिर्षक | आयोजक संस्थाको नाम र ठेगाना | सेमिनार सम्पन्न मिति | एक्लै/संयुक्त प्रस्तुति | कार्यालय प्रयोजनको लागि मात्र | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**आवेदकको हस्ताक्षरः** ..........................................

**<u>कार्यालय प्रयोजनको लागि मात्रः</u>**

**कूल प्राप्ताङ्क अङ्कमाः** **अक्षरमाः**

**कृति मूल्याङ्कनकर्ताहरूको नामः** (१) **हस्ताक्षरः** (१)

(२) (२)

(३) (३)

६. अनुभवको विवरणः

| संगठन वा निकायको नाम, स्थान र जिल्ला | पदको नाम | स्थायी/अस्थायी/करार | पढाएको विषय र तह वा कामको विवरण | सेवा अवधि | | जम्मा अनुभव अवधि | प्रतिलिपिको सिलसिलेवार नम्वर |
|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | |
|---|---|---|
| आवेदित पद भन्दा एक तह मुनिको पदमा (हाल कार्यरत) जम्मा | वर्षः | महिनाः |
| साविक (हाल कार्यरत) पद भन्दा तल्ला पदहरूमा जम्माः | वर्षः | महिनाः |
| जम्मा अनुभव अवधिः | वर्षः | महिनाः |

७. विषयगत तालिमः (उप-प्राध्यापक पदको लागि मात्र)

| तालिमको नाम | तालिम दिने संस्थाको नाम | अवधि | | हप्ता/महिना | प्रतिलिपिको सिलसिलेवार नम्वर |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**८. उम्मेदवारले गर्नु पर्ने प्रतिज्ञाः यो आवेदन फाराम मैले आफ्नै हातले भरेको हुँ र यस आवेदन फाराममा उल्लेख गरेको सबै विवरण ठीक साँचो हो। झुट्टा ठहरे नियमानुसार सहुँला, बुझाउँला।**

| उम्मेदवारको दस्तखतः | | मितिः | |
|---|---|---|---|
| सम्पर्क फोन नं.: | निवासः | क्याम्पस/कार्यालयः | मोवाइलः |

| औंठा छापः | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**९. सम्बन्धित निकाय/कार्यालय/क्याम्पस प्रमुखले भर्नु पर्नेः (कतै काम गरिरहेको भए)**

श्री/श्रीमती/सुश्री ……………………………………………… स्थायी/अस्थायी/करार सेवामा पूर्णकालीन शिक्षकका रूपमा मिति ……………… देखि ………………………… पदमा कार्यरत हुनुहुन्छ। यस फाराममा उल्लेख गरिएका सबै विवरणहरू ठीक छन् भनी प्रमाणित गर्दछु। विज्ञापन गरिएको पदको निमित्त निज छानिएमा कुनै आपत्ति छैन। निजको अनुभव पनि संलग्न गरी पठाएको छु।

प्रमाणित गर्ने निकाय/ कार्यालय/क्याम्पस प्रमुखको दस्तखतः ………………………………

नामः ………………………………………………………………………………………

पदः ……………………………………………………………………………………… मितिः

………………………………………………………………………………………

निकाय/कार्यालय/क्याम्पस प्रमुखको नामः ………………………………………………………

कार्यालय/क्याम्पसको छाप

**द्रष्टव्यः**

१. नेपाली नागरिकता, शैक्षिक योग्यता लगायतका सबै प्रमाणपत्रको प्रतिलिपीहरू नियमानुसार प्रमाणित गराई २ प्रति आवेदन फारामका साथमा अलग-अलग रूपमा पेश गर्नु पर्नेछ। साथै, उम्मेदवारले आवेदन फारामको साथमा आफ्नो व्यक्तिगत विवरण (Biodata/CV) ६ (छ) प्रति समेत संलग्न गरी पेश गर्नुपर्नेछ।

३. आवेदन फाराम दस्तुर र परीक्षा शुल्क रकमको सक्कल बैंक भौचर सहित सेवा आयोगको कार्यालयमा तोकिएको मिति र समयभित्र बुझाउनु पर्नेछ।

४. तोकिएको म्यादभित्र दाखिला नभएका वा तोकिएको न्युनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित शर्तहरू पूरा नभएको वा तोकिएका अन्य कागजात नभएका आवेदन फाराममा कुनै कारवाही गरिने छैन।

५. शैक्षिक योग्यताका प्रमाणपत्रहरूमा प्रतिशत वा Grade प्रष्ट खुलेको हुनु पर्नेछ। नेपाल बाहेक अन्य विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधिको समकक्षताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

६. अध्ययन विदामा बसी तोकिए अनुसारको अध्ययन पूरा नगरेको तर विद्यावारिधिको हकमा शोधपत्र बुझाई मूल्याङ्कनको चरणमा रहेको भएमा सोही अवस्था उल्लेख गरी प्रमाण पेश गर्नुपर्नेछ।

७. सेवा आयोगमा दाखिला भइसकेका कुनै पनि कागजात र आवेदन दस्तुर, परीक्षा शुल्क फिर्ता हुनेछैन। ८. सेवा आयोगको प्रयोजनको लागि प्रयोग गरिने फोटो सबै एकै प्रकारको हुनुपर्नेछ।

१०. ब्यक्तिगत विवरणः

| | | | |
|---|---|---|---|
| शिक्षकको नामः | आवेदित पदः | | विज्ञापन नं.: |
| हालको पदः | विषयः | | |
| सुरू नियुक्ति मितिः | स्थायी | अस्थायी | करार |
| स्थायी भएको मितिः | | | |
| हालको पदमा पदोन्नति भएको मिति | | | |
| शिक्षण सेवामा सेवारत भएको जम्मा अवधि | वर्षः | महिनाः | |
| हालको पदमा सेवारत भएको जम्मा अवधि | वर्षः | महिनाः | |
| हाल कार्यरत क्याम्पस/कार्यालय | | | |

११. प्राध्यापन गर्ने विषयः

| | |
|---|---|
| तहः | शैक्षिक भारः |

१२. शैक्षिक, प्राज्ञिक वा प्रशासनिक कार्यमा पुऱ्याएको योगदान बारे विस्तृत विवरणः

.......................................................................................................................................................................

.......................................................................................................................................................................

.......................................................................................................................................................................

.......................................................................................................................................................................

.......................................................................................................................................................................

.......................................................................................................................................................................

.......................................................................................................................................................................

---

शिक्षकले माथिका विवरण आफैं भरी आफ्नो ब्यक्तिगत विवरण सहित कार्यसम्पादन मूल्याङ्कन फाराम आफ्नो निकाय प्रमुखकोमा प्रस्तुत गर्नु पर्नेछ र निकाय प्रमुखले शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन देहाय अनुसार गर्नेछः

## अनुसन्धान र कृति प्रकाशनका सम्बन्धमा (पद प्रमाणीकरणको प्रयोजनका लागि मात्र)

१. पद प्रमाणीकरण प्रतियोगिताको लागि आवेदित पदसंग सम्बन्धित लेखिएको पुस्तक, सन्दर्भ ग्रन्थ, प्रतिवेदन, कार्यपत्र, लेख, अनुसन्धान कार्य तथा शोध निर्देशन पेश गर्न सकिनेछ।

२. शोध निर्देशन वापत अङ्क प्राप्त गर्न चाहने उम्मेदवारले शोधार्थीको नाम, शोधको शिर्षक तथा शोधकार्य पूरा भई उपाधि प्रदान गरिएको मिति उल्लेख गरी सम्बन्धित निकायबाट जारी गरिएको पत्रको सक्कलै पेश गर्नु पर्नेछ। पूर्वाञ्चल विश्वविद्यालय एवम् सम्बन्धन प्राप्त निकायहरूमा नाम दर्ता गरी अध्ययन/अनुसन्धान गर्ने सम्बन्धित विषयका विद्यार्थी/शोधार्थीहरूको मुख्य शोध निर्देशक भई शोध निर्देशन गरेको भए मात्र शोध निर्देशन वापतको अङ्क प्राप्त गर्न सकिनेछ।

३. समाचारपत्रहरूमा छापिएका लेखको मूल्याङ्कन गरिने छैन। साथै सम्पादन कार्य, अनुवाद कार्य तथा संकलन कार्य मात्र भएको कृतिको मूल्याङ्कन हुने छैन।

४. पीएच.डी. को शोधपत्र पुस्तकको रूपमा प्रकाशित भएको भएपनि सो पुस्तकको कुनै अङ्क दिइने छैन।

५. पद प्रमाणीकरणका लागि सूचना प्रकाशित भइसकेपछि प्रकाशित भएका कृति, अनुसन्धान एवम् शोध निर्देशनको मूल्याङ्कन गरिने छैन ।

६. अनुसन्धान प्रतिवेदन साथमा अनुसन्धान गराउने संस्थाको अनुसन्धान पुराभएको वर्ष तथा उक्त अनुसन्धान प्रतिवेदन मूल्याङ्कन नभई स्वीकृत भएको भन्ने ब्यहोरा सहितको आधिकारिक पत्रको सक्कलै संलग्न भएको हुनु पर्नेछ । यस्तो आधिकारिक पत्र संलग्न नभएको अनुसन्धान प्रतिवेदन मूल्याङ्कन गरिने छैन ।

७. कृति मूल्याङ्कन गर्ने प्रयोजनका लागि नेपालभित्र छापिएका वा प्रकाशित भएका कुनै पनि जर्नललाई अन्तर्राष्ट्रिय जर्नलका रूपमा गणना गरिने छैन । नेपाल बाहिरबाट प्रकाशित जर्नलका सम्बन्धमा विषयगत अन्तर्राष्ट्रिय जर्नलको वर्गीकरणमा पर्ने वा नपर्ने सम्बन्धमा सम्वन्धित विषयका विशेषज्ञहरू सम्मिलित कृति मूल्याङ्कन समितिले निर्णय गरे अनुसार हुनेछ ।

८. बुझाउन सकिने अधिकतम कृति संख्या अनुसूची ३ मा उल्लेखित संख्याको दोब्बरसम्म हुनेछ ।

९. तोकिएको संख्या भन्दा बढी बुझाएको पाइएमा क्रममा परेका तोकिएको संख्याका कृतिहरू मात्र मूल्याङ्कनमा पर्नेछन् ।

१०. आवेदकले आफ्ना कृतिहरूलाई जुन प्रकार अन्तर्गत मूल्याङ्कनका निमित्त पेश गरेको छ सोही प्रकार अन्तर्गत रहेर मात्र अङ्क प्रदान गरिनेछ । आवेदकले माग गरेको भन्दा भिन्न प्रकारमा गएर कुनै पनि कृतिको मूल्याङ्कन गरिने छैन ।

११. यस सम्बन्धी विस्तृत जानकारी पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थामा कार्यरत शिक्षकहरूको पद प्रमाणीकरणको आधार र सिफारिश सम्बन्धी कार्यप्रणाली २०७८ बाट प्राप्त गर्न सकिनेछ ।

## आवेदन फाराम साथ बुझाउनु पर्ने अनुसन्धान र कृति प्रकाशनको सूची

आवेदकको नामः ..................................................

आवेदित पदः ................................ विज्ञापन नं.: .................

| क्र.सं. | कृतिको शीर्षक | प्रकार | प्रकाशक वा पत्रिकाको नाम | प्रकाशन वर्ष | एक्लै वा संयुक्त लेखन |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

शोध निर्देशनः

| क्र.सं. | विद्यार्थीको नाम | शोधपत्रको शीर्षक | तह | | शोधपत्र पूरा गरेको मिति |
|---|---|---|---|---|---|
| | | | स्नातकोतर | पीएच.डी. | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आवेदकको हस्ताक्षरः ...........................................................

**द्रष्टव्यः**

१. आवेदकले आवेदन फाराममा उल्लेख गरेका सबै कृतिहरूको विवरण यस फाराममा पनि दिनु पर्नेछ।

२. यस फाराममा उल्लेख भएको कृतिको प्रकार अन्तर्गत सम्बन्धित विषयगत पाठ्यपुस्तक वा सम्वन्धित विषयको अनुसन्धानात्मक सन्दर्भ ग्रन्थ वा सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदन वा सम्बन्धित विषयको अनुसन्धानात्मक लेख वा सम्बन्धित विषयको साधारण लेख वा विषयगत अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख वा राष्ट्रिय/अन्तर्राष्ट्रिय सेमिनार/कार्यशालामा प्रस्तुत कार्यपत्र र पीएच. डी. शोध निर्देशन वा स्नातकोत्तर शोध निर्देशन कुन हो स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।

३. प्रकाशक वा पत्रिकाको नाम अन्तर्गत पुस्तक भए प्रकाशकको नाम र लेख भए पत्रपत्रिकाको नाम, वर्ष, अङ्क लेख्नु पर्नेछ।

४. सबै विवरण एक पृष्ठमा नअटाएमा यो फारामको फोटोकपी गरी बढी पृष्ठहरू प्रयोग गर्न सकिनेछ।

५. आवेदकले पेश गरेका अनुसन्धान र प्रकाशित कृतिहरूको प्रस्तुत सूची अन्तर्वार्ताको सूचना प्रकाशित भएपछि सार्वजनिक जानकारीका लागि सेवा आयोगको सूचना पाटीमा टाँस गरिनेछ।

६. यस फाराममा दिइएका विवरण र आवेदन फाराममा उल्लेख भएका अनुसन्धान र प्रकाशित कृतिहरूको विवरण फरक पर्न गएमा मूल्याङ्कन गरिने छैन।

७. यस विवरण फाराममा प्रष्ट हुन नसेका कुराहरू सेवा आयोगको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।